महिला तथा बाल अधिकारको सुनिश्चितता हाम्रो प्रतिबद्धता

# हाम्रो आवाज

मासिक बुलेटिन

बर्ष :- ४ अङ्क :- १० महिना :- मंसिर

श्रृंखला- १०

**सञ्चार अनुगमन**
**मासिक प्रतिवेदन- मंसिर २०७१**

## हिंसाको चपेटामा महिला र बालबालिका

राजधानीबाट प्रकाशित दैनिक अखबारहरुको अनुगमन गर्दा २०७१ को मंसिर महिनामा मुलुकभर महिला हिंसाका १४ घटना भएको छ भने त्यसै गरी बालबालिका सम्बन्धी ७ घटना भएको पाइएको छ ।




राजधानीबाट प्रकाशित चार दैनिक गोरखापत्र, कान्तिपुर, नागरिक र अन्नपूर्ण पोष्टका अनुसार यस महिनामा ७ महिलाको हत्या भएको छ । एकजना महिलाले आत्म हत्या गरेका छन् । त्यसैगरी २ बलात्कारमा परेका छन् भने १ महिला सामूहिक बलात्कारको शिकार बनेका छन् । हत्या प्रयास, कुटपिट तथा बहुविवाह जस्ता हिंसाबाट १-१ महिला पीडित भएका छन् ।

अखबारहरुले हिंसामा परेका बालबालिकासँग सम्बन्धित घटना ७ वटा पहिचान गरेका छन् । जसमा २ को हत्या भएको छ । बलात्कारको शिकारमा परेका ३ बालिकाको मार्मिक विवरण पनि प्रकाशमा आएको छ । त्यसैगरी श्रम शोषण र बिक्रीमा १-१ बालक पीडित भएको पाइएको छ ।




मानवअधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) ले हतियारजन्य हिंसासँग सम्बन्धित घटनाको पनि अनुगमन गरेको छ । अखबारहरुका अनुसार मंसिर महिनामा महिला र पुरुषगरी १० जना हतियारजन्य हिंसाबाट प्रभावित भएका छन् । बन्दुक तथा अन्य हतियारको प्रयोगबाट भएको हिंसामा ५ पुरुष, ५ महिला प्रभावित भएको सञ्चार अनुगमनका क्रममा पाइएको छ । । प्रभावित हुने पुरुषमा ४ को मृत्यु भएको छ भने १ घाइते छन् । त्यत्तिनै संख्यामा ५ महिलाको मृत्यु भएको छ भने १ महिला घाइते भएको पाइएको छ ।



हिंसामा महिला तथा बालबालिकासँग सम्बन्धित घटनालाई क्षेत्रगत आधारमा हेर्दा पूर्वाञ्चल ५, मध्यमाञ्चल १०, पश्चिमाञ्चल ३ र मध्य-पश्चिमाञ्चल १ रहेको देखिन्छ ।

**बालबालिका तथा महिला हिंसा क्षेत्रगत आधारमा : मंसिर २०७१**




इह्रिकनले गोरखापत्र, कान्तिपुर, नागरिक र अन्नपूर्ण पोष्टमा प्रकाशित समाचारका आधारमा सञ्चार अनुगमन गरेको हो । मासिक रुपमा नियमित प्रकाशित गरिने सञ्चार अनुगमनमा चार राष्ट्रिय दैनिकलाई आधार लिएको पनि जानकारी गराइन्छ ।

## १६ दिने अभियानमा इह्रिकन

काठमाडौं, २३ मंसिर । लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानका अवसरमा मंगलबार राष्ट्रिय महिला आयोगको आयोजनामा विभिन्न संघ-संस्थाका साथ मानवअधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) ले सक्रिय सहभागिता जनायो । कार्यक्रममा इह्रिकनका सदस्य तथा कर्मचारीले सन्देशमूलक व्यानरसहित सहभागिता जनाए ।




ललितपुरको पुलचोक इन्जिनियरिङ्ग कलेजको परिसरबाट निकालिएको र्‍याली “घर शान्ति नै विश्व शान्तिको आधारः महिला हिंसाविरुद्ध शून्य सहिष्णुता कायम गरौं” भन्ने नाराका साथ थापाथली, माइतीघर, भद्रकाली हुँदै भृकुटीमण्डपमा पुगेर कोणसभामा परिणत भएको थियो ।

उक्त कोणसभालाई राष्ट्रिय महिला आयोगका अध्यक्ष शेष चाँदतारा, गैरसरकारी महासंघका अध्यक्ष शर्मिला कार्की र महिला आयोगका सदस्य उर्मिला विश्वकर्माले सम्बोधन गर्नुभएको थियो । र्‍यालीमा सरकारी तथा गैरसरकारी निकाय, संघसंस्थाका पदाधिकारी तथा कर्मचारीको उल्लेखनीय सहभागिता थियो । र्‍यालीमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको संगीत ब्याण्डले सांगीतिक धुनका साथ सहभागिता जनाएको थियो ।

नोभेम्बर २५ तारिखमा महिला हिंसा विरुद्धको दिवस शुरु भई १० डिसेम्बर अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका दिनसम्म यो अभियान भव्य रुपमा मनाउने गरिन्छ । संसारभर मानव अधिकार, महिला हिंसा र सामाजिक न्यायका लागि गरिएका विभिन्न संघर्षका रुपमा पनि यो अभियान चलाइन्छ । यसै सन्दर्भमा नेपालमा पनि विभिन्न कार्यक्रम आयोजना गरी हरेक बर्ष यो दिवस मनाउने गरिन्छ ।

## घरेलु हिंसा न्यूनीकरणका लागि सडकनाटक र भिडियो भ्यान




नेपालगञ्ज, बाँके, १० मंसिर । लैङ्गिक हिंसाविरुद्धको सामूहिक अभियान नामक कार्यक्रम बुधबार एक समारोहकाबीच सुरुवात गरिएको छ । महिला हिंसा विरुद्धको १६ दिने अभियानको अवसर पारेर सचेतनामूलक सडक नाटक तथा भिडियो भ्यान प्रदर्शनीको प्रमुख जिल्ला अधिकारी एवं लैङ्क्ि हिंसाविरुद्धको जिल्ला समितिका अध्यक्ष वेदप्रकाश लेखकले शुभारम्भ गर्नुभयो । उहाँले सो अवसरमा जिल्लामा हिंसारहित समाजको परिकल्पना गरेर हातेमालो गर्दै सबै एकसाथ अघिबढे सामाजिक कलंकको रुपमा रहेको घरेलु हिंसा न्यूनीकरण हुँदै जानेकुरामा आफू विश्वस्त रहेको उल्लेख गर्नुभयो । मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन), साथी, ल्याक, सञ्चारिका समूह र ब्रेक थ्रूको संयुक्त आयोजनामा घरेलु हिंसाविरुद्ध सामूहिक अभियान ‘कदम बढाउ’ कार्यक्रमको थालनी भएको हो । इह्रिकनबाट ‘कदम बढाउ’ परियोजनाका सहजकर्ता रोशली पोखरेलले घरेलु हिंसाविरुद्ध सामूहिक अभियान कदम बढाउ परियोजनाले बाँकेका चार गाविसमा पाइलट प्रोजेक्टको रुपमा सडक नाटक र भिडियो भ्यानको माध्यमबाट हिंसालाई न्यूनीकरण र निरुत्साहित गर्ने खालका सडक नाटक तथा भिडियोहरु प्रदर्शन गर्ने रहेको जानकारी गराउनुभयो ।

उहाँले बाँकेका सीतापुर, टिटिहिरिया, रझेना र शम्शेरगञ्ज गाविसमा सडक नाटक र भिडियो भ्यान मार्फत सचेतना फैलाउने कार्यक्रम तय भएको जानकारी दिदै भन्नुभयो- “भिडियो भ्यानमार्फत हामीले हिंसा न्यूनीकरणका लागि पहिलो प्रयोग गरेका छौं । यो कार्यक्रम सञ्चालन भएको गाविसका सार्वजनिक स्थलमा भिडियो प्रदर्शन गरिने र त्यहींका जनतासँग घरेलु हिंसा न्यूनीकरणका लागि अन्तरक्रिया गर्ने गरी कार्यक्रमको डिजाइन गरिएको छ ।” यो कार्यक्रमको राम्रो नतिजा आएपछि अन्य जिल्ला र गाविसमा समेत प्रदर्शन गरिने उहाँले बताउनुभयो । कार्यक्रममा स्थानीय जनताहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

INSTITUTE OF HUMAN RIGHTS COMMUNICATION, NEPAL
मानव अधिकार संचार प्रतिष्ठान, नेपाल
IHRICON

जानकारीका लागि
**मानव अधिकार सञ्चार प्रतिष्ठान नेपा (इह्रिकन )**
ज्वागल कुपण्डोल ललितपुर
फोन नं. ०१-५०११२०४ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।